# नेपाल कानून आयोगको पुर्नसंरचना सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०८३

नेपाल कानून आयोग

नेपाल सरकार

**नेपाल कानून आयोग**

नयाँ बानेश्वर, काठमाडौं

२०८३ बैशाख

<u>विषय सूची</u>

१. पृष्ठभूमि........................................................................................................२
२. आयोगको ऐतिहासिक विकासक्रम...............................................................................३
३. बर्तमान आयोगको गठन र काम, कर्तव्य र अधिकार........................................................४
    ३.१ आयोगको गठन.........................................................................................४
    ३.२ आयोगको काम, कर्तव्य र अधिकार.......................................................................४
४. आयोगको भूमिका.................................................................................................५
५. आयोगबाट हालसम्म सम्पादन भाएका कार्यहरुः.............................................................६
क) विधेयक तर्जुमा..................................................................................................६
ख) अध्ययन अनुसन्धान..............................................................................................९
ग) अभिलेखीकरण....................................................................................................९
घ) प्रकाशन...........................................................................................................१०
६. कानून आयोगको सम्बन्धमा अन्य देशको अभ्यास.........................................................१०
    ६.१ भारत....................................................................................................१०
    ६.२ श्रीलंका..................................................................................................११
    6.3 आयरल्याण्ड............................................................................................१२
    6.4 अस्ट्रेलिया...............................................................................................१२
    ६.५ हङकङ्ग...................................................................................................१३
७. नेपाल कानून आयोगको आवश्यकता र औचित्यता............................................................१३
८. अबको बाटोः पुर्नसंरचना सहितको नेपाल कानून आयोग...................................................१५
९. निष्कर्ष...........................................................................................................१६

नेपाल कानून आयोग

१. <u>पृष्ठभूमि:</u>

राज्य सञ्चालनको लागि कानून अपरिहार्य माध्यम र समाजको प्रतिबिम्ब हो। समाजको गतिशिलता र विकाससँगै मानवीय व्यवहार, आचरण र सम्बन्धहरू क्रमशः परिवर्तन हुँदै जाँदा कानूनहरू पनि परिवर्तन हुँदै जान्छन्। कानूनको समयानुकूल परिवर्तनले नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचना समेतमा अग्रगामी परिवर्तन गर्न सकिन्छ। समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था र अमनचयन कायम राख्न, समतामूलक समाजको सृजना गर्न, सामाजिक विभेदलाई अन्त्य गरी राज्यप्रति अपनत्व र विश्वास कायम राख्न कानूनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तर्कपूर्ण, युक्तियुक्त, न्यायसङ्गत र गुणस्तरीय कानूनमात्र असल र उपयुक्त कानूनको दायराभित्र पर्न आउँछ। असल कानूनले समाजलाई सही दिशामा डोऱ्याउँछ।

सामाजिक परिवर्तनसँगै परिवर्तित मानवीय व्यवहार, आचरण र सम्बन्धलाई सहजीकरण र नियमन गर्ने विद्यमान कानूनमा समसामयिक सुधार, संशोधन तथा परिमार्जन गर्नुपर्ने हुन्छ भने प्रयोगमा नआएका कानूनहरू खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ। कानूनको आवश्यकता र औचित्यका आधारमा अध्ययन, अनुसन्धान र विचार विमर्शको माध्यमबाट समयसापेक्ष कानून निर्माण गरी विश्वसनीय कानून प्रणालीको विकास गर्नु आवश्यक हुन्छ। सोही उद्देश्यले कानून तर्जुमा गर्न विभिन्न संस्थागत र प्रक्रियागत व्यवस्थाहरू हुँदै आएका छन्। विद्यमान कानूनमा समयानुकूल संशोधन, परिमार्जन, पुनरवलोकन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार समय सापेक्ष कानून तर्जुमा, संहिताकरण र एकीकरण गर्ने उद्देश्यले विश्वका विभिन्न मुलुकमा विभिन्न नामले कानून आयोगहरू गठन गरिएको पाइन्छ। कानून आयोग, कानून सुधार आयोग, कानून पुनरवलोकन आयोग, कानून तथा न्याय आयोग, कानून सुधार सल्लाहकार समिति, कानून संशोधन समिति, कानून सुधार समिति, कानून पुनरवलोकन सल्लाहकारको कार्यालय वा कानून सुधार संस्थान इत्यादि नामले विभिन्न मुलुकमा त्यस्ता आयोग स्थापना गरिएको पाइन्छ।

त्यस्ता आयोगलाई कानूनको संशोधन एवं एकीकरणको मस्यौदा तयार गर्ने, पुराना कानूनहरू अद्यावधिक गर्ने र प्रयोगविहीन कानून खारेज गर्ने सम्बन्धमा सिफारिस गर्ने लगायतका जिम्मेवारी तोकिएको पाइन्छ।

नेपाल कानून आयोग

२. <u>**आयोगको ऐतिहासिक विकासक्रम:**</u>

- **<u>ल कमिसन ,२०१०:</u>** वि.सं .२००९ को बुच कमिसनले कानून आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरे बमोजिम तत्कालीन मन्त्रिमण्डलको मिति २०१०।९।६ को बैठकले बडाकाजी माणिकलाल राजभण्डारी चेयरम्यान रहेको ल कमिसन गठन।
- **<u>ल कमिसन ,२०१७:</u>** मिति २०१७।०६।२७ मा पुनः दुई वर्षका लागि सर्वोच्च अदालतका न्यायाधीश श्री नयनबहादुर खत्रीको अध्यक्षतामा दोस्रो **ल कमिसन** गठन।
- **<u>कानून आयोग ,२०२०:</u>** मन्त्रिपरिपद्को मिति २०२०।१०।०८ को निर्णयबाट कानून मन्त्रालयका सहसचिव विनोदप्रसाद धिताल पदेन अध्यक्ष रहेको तेस्रो पटक **कानून आयोग** गठन।
- **<u>कानून आयोग ,२०२९:</u>** कार्यकारिणी आदेशबाट मिति २०२९।२।१९ मा सर्वोच्च अदालतका न्यायाधीश नयनबहादुर खत्री अध्यक्ष रहने गरी चौथो पटक **कानून आयोग** गठन।
- **<u>कानून सुधार आयोग ,२०३६:</u>** तत्कालीन श्री ५ को सरकारको मिति २०३६।८।२३ को निर्णय अनुसार सर्वोच्च अदालतका न्यायाधीश श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा पाँचौ पटक **नेपाल कानून सुधार आयोग** गठन।
- **<u>नेपाल कानून सुधार आयोग ,२०४१:</u>** तत्कालीन श्री ५ को सरकारको मिति २०४१।८।२१ को निर्णयबाट पूर्ववत् जिम्मेवारीका लागि सोही स्थायी रूपमा पहिलो पटक सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा **नेपाल कानून सुधार आयोग** गठन।
- **<u>नेपाल कानून सुधार आयोग, २०५९:</u>** श्री ५ को सरकारले मिति २०५९।११।१६ को निर्णयानुसार श्री निरञ्जन थापाको अध्यक्षतामा **नेपाल कानून सुधार आयोग** गठन।
- **<u>नेपाल कानून आयोग, २०६३:</u>** मिति २०६३।०९।३० मा *नेपाल कानून आयोग ऐन, २०६३* प्रमाणीकरण भई सो ऐनद्वारा बाबुराजा जोशीको अध्यक्षतामा नेपाल कानून आयोग स्थापना।

नेपाल कानून आयोग

## ३. बर्तमान आयोगको गठन र काम, कर्तव्य र अधिकार

### ३.१.आयोगको गठन ऐनको दफा ४ को उपदफा (१)

- सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष
- नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष
- दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना -सदस्य
- सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य
- सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
- नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य
- सचिव, नेपाल कानून आयोग - सदस्य-सचिव

### ३.२.आयोगको काम, कर्तव्य र अधिकार ऐनको दफा ४ को उपदफा (१)

- नयाँ कानूनको निर्माण र विद्यमान कानूनमा संशोधन
- कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान
- कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,
- प्रचलित कानूनमा एकीकरण, पुनरवलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन, पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने,

नेपाल कानून आयोग

- अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,
- कानूनको तर्जुमाका विविध पक्षका सम्बन्धमा सम्बन्धित निकाय, संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने, सो सम्बन्धमा सम्बन्धित निकाय, संस्थासँग सहकार्य गर्ने,
- विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,
- कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव सङ्कलन गर्ने,
- कानून निर्माण सम्बन्धी आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,
- अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेस गर्ने,

## ४. <u>आयोगको भूमिकाः</u>

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकिकरण र पुनरावलोकन गर्न र कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने मुख्य उद्देश्यले स्थापना भएको आयोगको भूमिकालाई संक्षिप्त रूपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

### ४.१. <u>कानूनको मस्यौदा तर्जुमा</u>

- आयोगले आवश्यक र उपयुक्त देखेको वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने (नेपाल कानून आयोग ऐन, २०६३ र विधायन ऐन, २०८१)
- मस्यौदा तर्जुमा गर्दा संविधान, अन्तर्राष्ट्रिय दायित्व, मापदण्ड र अन्य देशका सर्वोत्तम अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गरी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने,

नेपाल कानून आयोग

- समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी आयोगले कानूनको नयाँ वा संशोधन मस्यौदा तर्जुमा गर्ने क्रममा सम्बन्धित मन्त्रालयका प्रतिनिधि समेत राखी सरोकारवालाको परामर्श र पृष्ठपोषण ग्रहण गर्ने,
- प्रारम्भीक मसौदा उपर अन्तरक्रिया र छलफल गरी मसौदा परिमार्जन गर्ने।

४.२. <u>कानूनको पुनरावलोकन</u>

- प्रचलित कानूनको सुधार र परिमार्जन गर्न प्रचलित कानूनमा अध्ययन अनुसन्धान संशोधन गर्नुपर्ने देखिएमा संशोधन मस्यौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्ने ,
- निष्कृय रहेका र हाल व्यवहारिक रूपमा प्रचलनमा नरहेका कानूनहरूको पहिचान गरी खारेज गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

४.३. <u>कानून निर्माणमा अध्ययन अनुसन्धान</u>

- फैसला, नजिर, प्रतिपादित सिद्धान्तको अध्ययन,
- अन्तराष्ट्रिय सन्धि सम्झौता बमोजिम भए नभएको अध्ययन,
- नयाँ कानूनको आवश्यकता सम्बन्धमा अध्ययन अनुसन्धान।

४.४. **<u>कानून संशोधनका लागि नेपाल सरकारलाई सुझाव:</u>** आयोगले कानून तथा न्यायको क्षेत्रमा कुनै विषयमा अध्ययन, अनुसन्धान र पुनरवलोकन गरी विद्यमान कानूनमा संशोधन गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गर्दछ।

४.५. **<u>कानूनको अभिलेख व्यवस्थापन:</u>** आयोगले प्रचलित नेपाल कानून, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरू, खारेज भइसकेका नेपाल कानून र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामग्रीहरूको नियमित रूपमा अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी वेबसाइट www.lawcommission.gov.np मा अभिलेख व्यवस्थापन गरिएको।

## ५. <u>आयोगबाट हालसम्म सम्पादन भएका कार्यहरू:</u>

(क) **विधेयक तर्जुमा**: नेपाल कानून आयोगले स्थापना कालदेखि नै कानून तर्जुमाको क्षेत्रमा धेरै कानून तर्जुमा गरी महत्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि वर्तमान नेपालको संविधान जारी भएपछिको तर्जुमा गरिएका विधेयकहरू देहाय बमोजम रहेका छन।

१. प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
२. महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक,
३. ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक,
४. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
५. झुट्टा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
६. उपभोक्ता संरक्षण सम्बन्धी विधेयक,
७. प्रतिष्पर्धा प्रवर्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक,
८. खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
९. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक,
१०. प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
११. पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक,
१२. शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
१३. विद्यालय तथा शिक्षण संस्था संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
१४. वैयक्तिक गोपनियता सम्बन्धी विधेयक,
१५. राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५,
१६. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५,
१७. कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,
१८. साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक,
१९. सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक ,
२०. नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,
२१. जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,
२२. विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,
२३. राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

नेपाल कानून आयोग

२४.नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक,

२५.तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२६.फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक,

२७.विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२८.गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

२९.नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,

३०.मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक,

३१.केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक,

३२.कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

३३.संसदीय सुनुवाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

३४.कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार) निवारण (ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक ,

३५.मुलुकी देवानी संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक,

३६.रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,

३७.यौनजन्य हिंसा विरूद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,

३८.सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

३९.औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

४०.स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

४१.राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

नेपाल कानून आयोग

४२. भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक,

४३. उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक,

४४. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

(ख) **<u>अध्ययन अनुसन्धानः</u>**

१. क्रिप्टोकरेन्सी सम्बन्धी अध्ययन

२. उर्जा दक्षता तथा संरक्षण विधेयक सम्बन्धमा तयार गरिएको अध्ययन प्रतिवेदन

३. जवरजस्ती करणी लगायत यौनजन्य हिंसा विरुद्धका कानूनमा रहेको हदम्याद सम्बन्धी अध्ययन प्रतिवेदन

४. नेपालमा उपभोक्ता सम्बन्धी कानूनको एकीकरण सम्बन्धी अध्ययन प्रतिवेदन, २०८०

५. प्रचलित कानूनमा रहेको दोहोरोपना सम्बन्धी अध्ययन प्रतिवेदन, २०८०

६. गैरआवासीय नेपालीको अधिकार कार्यान्वयन सम्बन्धी अध्ययन

७. नेपालको संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारको विषयमा कानून निर्माणको आवश्यकता

८. मध्यस्थता ऐन, २०५५ को संशोधन सम्बन्धी अध्ययन

९. मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ सम्बन्धी कानूनलाई संशोधन सम्बन्धी

१०. कानून सचेतना तथा कानून साक्षरता अध्ययन प्रतिवेदन, २०७७

११. मार्कको अन्तर्राष्ट्रिय दर्ताको सम्बन्धमा व्यवस्था गर्न बनेको म्याड्रिड प्रोटोकोल, १९८९ – संक्षिप्त

१२. मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरुपण सम्झौताका सम्बन्धमा व्यवस्था भएको संयुक्त राष्ट्र संघीय महासन्धि - संक्षिप्त टिपोट

(ग) **अभिलेखीकरणः** नेपालका हालसम्मका सबै संविधान, प्रचलित करिव ३५० ऐन, अध्यादेशहरू, नियमावली करिव ३५०, गठन आदेशहरू र खारेज भएका ऐनहरूको विद्युतीय अभिलेखीकरण गरी सरोकारवाला निकाय तथा व्यक्ति (कानूनका उपभोक्ता) हरू लाई कानूनमा सहज पहुँचको व्यवस्था गरेको छ।

नेपाल कानून आयोग

**(घ) प्रकाशन:** नेपाल कानून आयोगले कानूनसँग सम्बन्धित दस्तावेजहरू निर्माण तथा प्रकाशन गर्दै आएको छ। जुन यस प्रकार छन्:-

१. कानून तर्जुमा दिग्दर्शन

२. कानून सूक्तिहरु

३. कानून शब्दकोश

४. वार्षिक प्रतिवेदन तथा अन्य बुलेटिनहरू।

६. **कानून आयोगको सम्बन्धमा अन्य देशको अभ्यास:** केही देशहरूको कानून आयोग सम्बन्धी व्यवस्था तथा अभ्यास अध्ययन गरिएको छ। जुन यस प्रकार छ:-

६.१. भारत

(क) **कानून आधार**

- भारतको कानुन आयोग संविधान वा ऐन अन्तर्गत होइन,
- यो भारत सरकारको कार्यकारी आदेश / संकल्प द्वारा स्थापना गरिएको हो, जसको आदेश कानून तथा न्याय मन्त्रालयले जारी गरेको हो।

**(ख) संरचना (७ सदस्यहरू)**

- अध्यक्ष – प्राय: सर्वोच्च अदालत वा उच्च अदालतका सेवानिवृत्त न्यायाधीश
- पूर्णकालीन सदस्यहरू – कानुन विज्ञ, शिक्षाविद् वा वरिष्ठ अधिवक्ता
- अंशकालीन सदस्यहरू – विशिष्ट कानून क्षेत्रमा विशेषज्ञता प्रदान गर्ने
- सदस्य—सचिव (Member-Secretary)
- सबै सदस्यहरू भारत सरकार द्वारा नियुक्त
- आयोग कानून तथा न्याय मन्त्रालयको प्रशासनिक नियन्त्रणमा सञ्चालन हुन्छ

**(ग) भूमिका/कार्य र कर्तव्य**

- विद्यमान कानुनहरूको समीक्षा गर्ने
- कानुनको खारेजी, संशोधन, वा नयाँ कानून बनाउने सिफारिस गर्ने
- विभिन्न कानून मुद्दामा अनुसन्धान र अध्ययन गर्ने
- विस्तृत प्रतिवेदन तयार पारेर सरकारलाई सिफारिस दिने
- कानुनको संहिताकरण र सरलीकरणमा सहयोग गर्ने
- कानुनले संविधानसँग मेल खान्छ कि छैन जाँच्ने
- आवश्यक परेको क्षेत्रमा आफ्नै पहल (Suo-motu) मा अध्ययन गर्ने

- सरकारले पठाएका विशेष विषयहरूमा विचार गर्ने
- सरोकारवालाहरू, विशेषज्ञ र सार्वजनिक परामर्श लिने
- अन्तर्राष्ट्रिय कानून अभ्यास अध्ययन गरी सुधारको सिफारिस गर्ने

## ६.२. श्रीलंका (Law Commission of Sri Lanka) – वैधानिक निकाय

### (क) कानून आधार

- Law Commission Act, 1969 अन्तर्गत स्थापना

### (ख) संरचना

- अध्यक्ष र १४ जना अन्य आयुक्तहरू, सबै श्रीलंका गणतान्त्रिक समाजवादी राष्ट्रका राष्ट्रपतिद्वारा नियुक्त
- अध्यक्ष — प्रायः वरिष्ठ न्यायाधीश वा कानून विशेषज्ञ
- पूर्णकालीन आयुक्तहरू — कानुन र अनुसन्धानको विशेषज्ञ
- अंशकालीन सदस्यहरू — विशिष्ट कानून क्षेत्रमा विशेषज्ञता प्रदान गर्ने
- सचिवालय (Secretariat)
- सदस्यहरू कानून अनुसन्धानकर्ता र प्रशासनिक कर्मचारीसँग मिलेर काम गर्छन्

### (ग) भूमिका / कार्य र कर्तव्य

- विद्यमान कानुनहरूको समीक्षा गर्ने
- सुधार, संशोधन वा खारेजको सिफारिस गर्ने
- अध्ययन र अनुसन्धान गर्ने
- प्रतिवेदन तयार गरी सरकारलाई पेश गर्ने
- कानूनको मस्यौदा (Drafting) र संशोधनमा सहयोग गर्ने
- कानूनलाई संहिताबद्ध र सरल बनाउने
- कानून संविधान र सार्वजनिक नीति अनुरूप छ कि छैन जाँच्ने
- सरकारले पठाएका विषयहरूमा विचार गर्ने
- आवश्यकता अनुसार आफ्नै पहलमा अध्ययन सुरु गर्ने
- कानून विज्ञ र सरोकारवालासँग परामर्श गर्ने

नेपाल कानून आयोग

## ६.३. आयरल्याण्ड (Law Reform Commission of Ireland)

(क) **कानून आधारः**

- Law Reform Commission Act 1975 अन्तर्गत स्थापना।

(ख) **संरचनाः**

- ५ जना आयुक्तहरू (१ अध्यक्ष + ४ अन्य, १ पूर्णकालीन)
- नियुक्ति अवधिः अधिकतम ५ वर्ष, नवीकरणयोग्य
- अनुसन्धान निर्देशक, विधेयक पहुँच प्रबन्धक, प्रशासन प्रमुख, कानून अनुसन्धानकर्ता र प्रशासनिक कर्मचारीहरू सहयोगी

**(ग) मुख्य उद्देश्य / कार्यहरूः**

- कानूनको विकास, सुधार, सरलीकरण र संहिताकरण
- उच्च गुणस्तरीय, निष्पक्ष कानून अनुसन्धान
- प्रचलित कानूनको अनलाइन पहुँच र Revised Acts उपलब्ध गराउने
- प्रभावकारी प्रशासनिक सेवा प्रदान गर्ने
- कानून समुदाय र सर्वसाधारणसँग सहकार्य गर्दै पहुँच र दृश्यता बढाउने

**(घ) २०२४ का गतिविधिहरूः**

- ३० भन्दा बढी Revised Acts तयार र अद्यावधिक, कुल ५३१ भन्दा बढी उपलब्ध
- Social Welfare Consolidation Act 2005 को संशोधन प्रक्रिया जारी
- सबै संशोधित ऐनहरू, आयोग र सम्बन्धित विभागको वेबसाइटमा उपलब्ध

## ६.४. अस्ट्रेलिया (Australian Law Reform Commission, ALRC)

**(क) कानून आधारः**

- Australian Law Reform Commission Act 1996 र Public Governance, Performance and Accountability Act 2013 अन्तर्गत स्थापित।

**(ख) संरचनाः**

- ५ जना सदस्यहरू (१ अध्यक्ष + ४ सदस्य)
- सदस्यहरूलाई विभिन्न कर्मचारीहरूको सहयोग

**(ग) मुख्य उद्देश्य / कार्यहरूः**

- कानूनलाई वर्तमान परिस्थितिसँग अनुरूप बनाउने
- कानूनका दोष हटाउने र सरल बनाउने

- कानून लागू गर्ने र न्याय वितरणका नयाँ तरिका अपनाउने
- न्यायसम्म पहुँच सहज बनाउने
- अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास र मानवअधिकार सँग मेल खाने सुधार सिफारिस गर्ने

**(घ) अनुसन्धान विधिः**

- प्रत्यक्ष परामर्श, उद्योग/शैक्षिक अनुसन्धान, अन्तर्राष्ट्रिय अध्ययन, अनुभवको आधारमा सिफारिस तयार

६.५. **<u>हङकङ्ग (Law Reform Commission of Hong Kong)</u>**

**(क) कानून आधारः**

- जनवरी १९८० मा स्थापना, न्याय सचिव वा प्रधान न्यायाधीशको सिफारिसमा काम गर्ने।

**(ख) संरचनाः**

- अध्यक्षः न्याय सचिव
- Ex officio सदस्यः प्रधान न्यायाधीश, कानून मसौदा लेखक
- अन्य सदस्यहरूः उच्च अदालत/अन्तिम अपिल अदालतका न्यायाधीश, विद्वान, अभ्यासरत वकिल, समाजका प्रतिष्ठित सदस्य
- अनुसन्धानकर्ता र प्रशासनिक कर्मचारीहरूको सहयोग

**(ग) मुख्य उद्देश्य / कार्यहरूः**

- गैर-कानून सदस्यको समावेशबाट सामाजिक अनुभवको उपयोग
- न्याय सचिव/प्रधान न्यायाधीशले सुम्पिएका कानून सुधार सिफारिस तयार गर्ने
- व्यापार, सञ्चार, सम्झौता, सम्बन्धविच्छेद, ठगी, अभिलेख, सूचना पहुँच, साइबर अपराध आदि विषयमा रिपोर्ट तयार गर्ने

७. **नेपाल कानून आयोगको आवश्यकता र औचित्यता:** नेपाल कानून आयोगको आवश्यकता र औचित्यतालाई देहाय बमोजिम स्पष्ट गरिएको छः-

- कानून निर्माण, सुधार र समन्वयको केन्द्रीय निकायका रूपमा महत्वपूर्ण भूमिका रहेको,
- कानून निर्माण प्रक्रियालाई अनुसन्धानमुखी, तथ्य र प्रमाणमा आधारित बनाउन आयोगबाट गहिरो अनुसन्धान, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्न र सरोकारवालासँग परामर्श गरेर गुणस्तरीय मस्यौदा तयार गर्न,

- विभिन्न कानूनहरूबीच देखिने द्वन्द्व, दोहोरोपन र अस्पष्टता हटाउन र बाझिएका कानून मिलाउन कानून प्रणालीमा एकरूपता कायम गर्न,
- कानून तर्जुमा सम्बन्धमा संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तहबीच सन्तुलन तथा सामञ्जस्यता कायम गर्न र सहयोगी भूमिका खेल्न,
- कानून आयोगले कानून निर्माण प्रक्रिया अन्तरगत पूर्व विधायकी चरणमा सवै विषयगत मन्त्रालयको विधेयक तर्जुमाको सन्दर्भमा र विधायकी चरणमा संघीय संसदका विषयगत समितिमा उपस्थिति भई राय परामर्श र विधेयकको प्रतिरक्षामा गर्ने भूमिका निभाउछ। उत्तरविधायकी चरणमा निर्माण भएको ऐनको कार्यान्वयनको अवस्थामा प्रत्यायोजित विधायन निर्माण गर्न,
- पुराना, अप्रचलित र अनुपयोगी कानूनहरूलाई खारेज गर्ने, नयाँ कानूनसँग एकीकृत गर्ने र संहिताकरण गर्न, कानून प्रणालीलाई व्यवस्थित र प्रयोगमैत्री बनाउन,
- सुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गर्न र भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार र जनउत्तरदायी शासनका लागि आवश्यक पर्ने कानूनमा सुधार गर्न,
- कानूनको तर्जुमा, अध्ययन तथा अनुसन्धान क्षेत्रमा नेपाल सरकारको अन्य कुनै आधिकारिक र विशेषज्ञ संस्था नभएको हुँदा आयोगले त्यस्तो संस्थाको रूपमा कार्य गरिरहेको,
- विषयगत मन्त्रालयबाट कानून तर्जुमा सम्बन्धी कार्य गर्दा लाभ, लागत विश्लेषण नगरी कानून निर्माण प्रक्रिया अगाडि बढाउने हुँदा कानूनको स्थायित्व नभएकाले आयोगबाट आर्थिक सामाजिक विश्लेषण सहित मसौदा तयार गर्ने गरिएको,
- आयोगले विशेषज्ञता र व्यवसायिकताका आधारमा प्रचलित कानूनमा सुधार गर्ने हुँदा र वर्तमान समयमा धेरै कानूनहरूमा सुधार गर्नुपर्ने नेपाल सरकारको प्राथमिकता रहेको अवस्थामा आयोगको आवश्यकता र औचित्यता बढेको,
- ऐनले समाजमा पारेको सकरात्मक तथा नकरात्मक प्रभावको अध्ययन तथा प्रचलित कानूनको परीक्षण (ऐन कार्यान्वयन मापन) मा समेत आयोगको भूमिका, आवश्यकता र औचित्यता समेत बढेको।

## ८. अबको बाटो: पुनरसंरचना सहितको नेपाल कानून आयोग

माथि उल्लिखित ऐतिहासिक पृष्ठभूमि, अन्य देशको अभ्यास र वर्तमान नेपाल कानून आयोगले नेपालको संविधान जारी भए पश्चात कानून निर्माणमा गरेको योगदान र खेलेको भूमिका समेतलाई मध्यनजर गर्दा नेपाल कानून आयोगको आवश्यकता र औचित्यता बढ्दै गइरहेको हुँदा नेपाल कानून आयोगको भूमिका अझ प्रभावकारी, परिणाममुखी र समसामयिक बनाउन यसको पुनरसंरचना गर्न आवश्यक छ। वर्तमान सन्दर्भमा यसको कानून सहितको क्षमता विस्तार, कार्यप्रणाली सुधार र संस्थागत सुदृढीकरणमार्फत आयोगलाई "policy + research + drafting hub" का रूपमा रूपान्तरण गर्नु अबको बाटो हुनुपर्छ।

८.१. **पुर्नसंरचना सहितको आयोग:** नेपाल कानून आयोग ऐन, २०६३ संशोधन गरी आयोगको संरचना सानो छरितो, प्रभावकारी र नतिजामुखी कार्यसम्पादन गर्ने प्रकृतिको चुस्त संरचना बनाउने ।

(क) **आयोगको पुर्नसंरचना:**

- ऐनमा आवश्यक संशोधन गरी योग्यता, दक्षता, कार्यकुशलता र समावेशीताको आधारमा सानो, छरितो र चुस्त संरचना सहितको आयोगको व्यवस्था गर्ने।
- आयोगले संघ, प्रदेश र स्थानीय तहका कानून अध्ययन, अनुसन्धानका आधारमा तर्जुमा एवं समायानुकुल पुनरावलोकन लगायतका कार्य गर्ने गरी क्षेत्राधिकार सहित ऐनमा व्यवस्था गर्ने।

(ख) **सचिवालयको पुर्नसंरचना**:

- न्याय सेवा कानून समूहको विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा सचिवालय रहने।
- संघ, प्रदेश र स्थानीय तहको कानून तर्जुमा, अध्ययन, अनुसन्धान गर्ने गरी आवश्यकता अनुसार महाशाखा/ शाखाको व्यवस्था गरी जनशक्ति थप गर्नुपर्ने।
- यसको लागि नेपाल सरकार (म.प) ले गरेको निर्णय बमोजिम आयोगको समेत संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न उपयुक्त हुने।
- आयोगलाई आर्थिक स्वयत्तता प्रदान गरी श्रोत साधन सम्पन्न वनाउनु पर्ने।



नेपाल कानून आयोग

८.२. **<u>पदाधिकारीको नियुक्ति:</u>** नेपाल कानून आयोग ऐन संशोधन प्रक्रियामा रहेको हुँदा समय लाग्ने भएकाले हाल आयोगको अध्यक्ष लगायतका पदाधिकारी रिक्त रहेकाले अध्यक्षको नियुक्ति तत्काल हुनु पर्ने।

८.३. **<u>विशेषज्ञता (Think Tank) को रूपमा आयोगको भूमिका:</u>**आयोगलाई कानून तर्जुमा, अध्ययन, अनुसन्धान र कानून निर्माणमा नेपाल सरकारको विशेषज्ञ र व्यवसायिक संस्थाको रूपमा विकास गर्नु पर्ने।

८.४. **<u>तर्जुमा अध्ययन अनुसन्धान गर्ने सरकारको आधिकारिक निकायको रूपमा आयोग:</u>** वर्तमान नेपाल कानून आयोगको स्थापना पश्चात पनि परामर्श सेवाको रूपमा वाहिर रहेका व्यक्तिहरूबाट कानून तर्जुमा गर्ने गराउने परिपाटीको अन्त्य गरी नेपाल सरकारको ठूलो रकम बचत गर्न, कानूनमा एकरुपता, छिटोछरितो गरी वर्तमान अवस्थामा नेपाल कानून आयोगलाई अझै प्रवर्द्धन गरी तर्जुमा अध्यायन, अनुसन्धान गर्न आयोगलाई नेपाल सरकारको आधिकारिक निकायको रूपमा विकास गरी सरकारलाई सहयोग पुऱ्याउने।

**९. निष्कर्ष:**

- माथि उल्लिखित भारत, श्रीलंका, आयरल्याण्ड, अस्ट्रेलिया र हङकङ देशहरूको अन्तराष्ट्रिय स्तरमा रहेका अभ्यास हेर्दा फरक-फरक संरचना र कानूनका आधारमा यस्तै प्रकृतिका निकायहरू रहेका छन्।
- परिवर्तित सन्दर्भमा र वर्तमान नेपाल सरकारबाट सुशासन, सेवा प्रवाह र भ्रष्ट्राचार नियन्त्रण सम्बन्धमा जन अपेक्षा बमोजिम कार्य गर्न धेरै पुराना कानून संशोधन, एकिकरण र परिमार्जन गरी नयाँ कानून निर्माण गर्नु पर्ने वर्तमान समयमा त्यस्ता कानूनको अध्ययन, अनुसन्धान गरी मस्यौदा तयार गर्न नेपाल कानून आयोगको आवश्यकता अझै बढेर गएको हुँदा यसको प्रभावकारी हुने गरी पुर्नसंरचना गर्नु पर्ने हुन्छ।
- संघ-प्रदेश-स्थानीय तहबीच कानून समन्वय सुधार गरी research-based policy/legal reform प्रक्रिया institutionalize गर्न, विशेषज्ञतामा आधारित कानून निर्माण गर्न, संविधानको मर्म र भावना अनुरूप कानून बनाई अर्थपूर्ण कार्यान्वयन गर्न, प्रमाणमा आधारित (Evidence based) कानून निर्माण गर्न, कानून प्रणालीलाई समन्वित र व्यवस्थित (Coordinated and organized) बनाई सुशासन (good governance) प्रवर्द्धन गर्न,

नेपाल कानून आयोग

मानवअधिकार संरक्षण गर्न, पूर्वधार विकास र आर्थिक विकासलाई सुदृढ गर्ने लगायतका कानून बनाई नेपाल सरकारको सहयोगी निकायको रूपमा कार्य गर्न नेपाल कानून आयोगलाई अझै परिस्कृत र पुर्नसंरचना गर्न आवश्यक देखिन्छ।

नेपाल कानून आयोग